नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय, मोरङ
विराटनगर

कार्यालय :- ०२१-५२५२५, ०२१-५३०३७२
फ्याक्स :-०२१-५२५३५१
निजी सचिवालय : ०२१-५२१३५१
वेवसाईट: daomorang.moha.gov.np
E-mail : dao.morang@gmail.com
daomorang100@gmail.com

प.सं.: प्र. ०७८/७९
च.नं. ४२०१

मिति : २०७८/०७/२८

श्री विराटनगर महानगरपालिका,
मोरङ ।

विषयः- बैठकको निर्णय पठाईएको सम्बन्धमा ।

प्रस्तुत विषयमा मिति २०७८/०७/१७ गते बसेको विराटनगर-१६ मा एकीकृत फोहोरमैला व्यवस्थापन केन्द्र निर्माण गर्न विराटनगरपालिकाको प्रस्ताव बमोजिम जग्गा प्राप्ति गर्न जग्गा प्राप्ति ऐन, २०३४ को दफा १३ बमोजिमको समितिको बैठकको निर्ण पाना -०३ यसै पत्रसाथ संलग्न राखी पठाईएको व्यहोरा अनुरोध छ ।

(महेशराज तिम्सिना)
सहायक प्रमुख जिल्ला अधिकारी

बोधार्थ
श्री भुमिसुधार तथा मालपोत कार्यालय- निर्णयानुसार अधिग्रहण हुने जग्गा रजिष्ट्रेशन (दा.खा.) गरिदिनुहुन ।
विराटनगर, मोरङ ।

आज मिति २०७८/०७/१७ गते बुधबारका दिन प्रमुख जिल्ला अधिकारी श्री काशि राज दाहालको अध्यक्षतामा विराटनगर महानगरपालिका वडा नं. १६ मा एकीकृत फोहोरमैला व्यवस्थापन केन्द्र निर्माण गर्न विराटनगर महानगरपालिकाको प्रस्ताव बमोजिम जग्गा प्राप्ति गर्न जग्गा प्राप्ति ऐन, २०३४ को दफा १३ बमोजिमको समितिको बैठक बसी देहाय अनुसारको निर्णय गरियो।

<u>उपस्थितिः</u>

(१) प्रमुख जिल्ला अधिकारी - श्री काशि राज दाहाल, जिल्ला प्रशासन कार्यालय, मोरङ

(२) प्रमुख प्रशासकीय अधिकृत - श्री उमेश बस्नेत, विराटनगर महानगरपालिका

(३) स.प्र.जि.अ./सदस्य - श्री महेशराज तिम्सिना, जिल्ला प्रशासन कार्यालय, मोरङ

(४) प्रमुख मालपोत अधिकृत/सदस्य - श्री लोक बहादुर भण्डारी, मालपोत कार्यालय, मोरङ

<u>आमन्त्रितः</u>

(१) स.प्र.जि.अ. - श्री शरद कुमार पोखरेल, जिल्ला प्रशासन कार्यालय, मोरङ

(२) मालपोत अधिकृत - श्री जितेन्द्रलाल श्रेष्ठ, भूमिसुधार तथा मालपोत कार्यालय, विराटनगर

(३) नापी अधिकृत - श्री गणपति साह, नापी कार्यालय, विराटनगर

(४) प्रारम्भिक कारबाही चलाउने अधिकारी - श्री भरत कुमार न्यौपाने, विराटनगर महानगरपालिका

(५) ईन्जिनीयर - ई.अर्जुन थापा, विराटनगर महानगरपालिका

(६) प्रशासन सहयोगी - श्री धिरज राई, विराटनगर महानगरपालिका

<u>निर्णय नं.१:</u>

विराटनगर महानगरपालिकाको एकीकृत फोहोरमैला व्यवस्थापन केन्द्र निर्माण गर्नको लागि विराटनगर महानगरपालिका वडा नं.१६ स्थित प्रस्तावित १०-१०-९ (बिघा) जग्गा अधिग्रहण गरी प्राप्ति गर्ने विषयमा २०७८/०४/३२ मा प्रकाशित सूचना बमोजिम सरोकारवाला व्यक्तिको जग्गाको मुआब्जा निर्धारणका लागि मिति २०७८/०५/२२ मा गठित मूल्याङ्कन सिफारिस उपसमितिले प्रस्तावित जग्गाको मालपोत प्रयोजनका लागि निर्धारण भएको मूल्य, महानगरपालिकाद्वारा कर प्रयोजनका लागि निर्धारण भएको मूल्य, सम्बन्धित जग्गाधनीबाट मागदाबी भएको मूल्य र स्थानीय चलनचल्तीको (पञ्चकिर्ती) मूल्यलाई आधार मानी सिफारिससहित पेश गरेको मूल्याङ्कन दररेट सम्बन्धमा छलफल भयो। उक्त सिफारिस बमोजिमकै आधारमा प्रस्तावित जग्गाको निम्न बमोजिम मुआब्जा निर्धारण गर्ने निर्णय गरियो। जग्गा र मुआब्जा सम्बन्धी विस्तृत विवरण तपसिल बमोजिम रहेको छ।

| सि.नं. | जग्गावालाको नाम | वडा नं. | कि.नं. | क्षेत्रफल | मुआब्जा निर्धारण प्रतिकठ्ठा (रु.) | क्षेत्रफल बमोजिम जग्गाधनीले प्राप्त गर्ने कुल मुआब्जा रकम (रु.) |
|---|---|---|---|---|---|---|
| १ | चण्डिका श्रेष्ठ | वखरी २(क) | ८५ | ३-२-१५ | ६३७५०० | ४०००३१२५ |
| २ | पायल श्रेष्ठ | वखरी २(क) | ८६ | १-८-० | ६३७५०० | १७८५०००० |
| ३ | राजेश प्रसाद शर्मा | वखरी २(क) | ८७ | ०-१८-४ | ६६२५०० | १२०५७५०० |
| ४ | राजेश प्रसाद शर्मा | वखरी २(क) | २९१ | ०-१-१६ | ६६२५०० | ११९२५०० |
| ५ | राजेश प्रसाद शर्मा | वखरी २(क) | २९२ | १-१०-९ | ६८७५०० | २०९३४३७५ |
| ६ | रमेश राउत | वखरी २(क) | १२५५ | ०-१५-२ | ६७५००० | १०१९२५०० |
| ७ | रमेश राउत | वखरी २(क) | १२९८ | ०-१८-१० | ६७५००० | १२४८७५०० |
| ८ | गंगा प्रसाद मलाहा | वखरी २(क) | ७५३ | ०-४-० | ६३७५०० | २५५०००० |
| ९ | विमला देबी मंडल | वखरी २(क) | ७८३ | ०-१०-० | ६३७५०० | ६३७५००० |
| १० | जग नारायण मंडल | वखरी २(क) | ७८२ | ०-९-४ | ६३७५०० | ५८६५००० |
| ११ | दामोदर मंडल धानुक | वखरी २(क) | ७८१ | ०-९-४ | ६३७५०० | ५८६५००० |
| १२ | भुटा यादव | वखरी २(क) | ७६२ | ०-३-५ | ६३७५०० | २०७१८७५ |
| | जग्गाको कुल क्षेत्रफल | | | १०-१०-०९ | | १३७४४४३७५ |

प्रतिलिपि
०७८।०८।१९
सहायक प्रमुख जिल्ला अधिकारी

२०७८।०८।१८

**निर्णय नं.२:**

सम्बन्धित जग्गाधनीहरूले सूचना बमोजिम मागदाबी गर्दा प्रस्तावित जग्गामा हाल रहेको बोटबिरुवा तथा उखुबाली समेतको मागदाबी गरेकोमा यस वर्षको उखुबाली सम्बन्धित जग्गाधनीलाई नै उठाउन दिने र बोटबिरुवाको हकमा आफैं कटान गरी जग्गाधनीले यस वर्षभित्रमा लानसक्ने हुँदा उक्त जग्गाको मुआब्जा बाहेक अन्य कुनै किसिमको मुआब्जा नदिने निर्णय गरियो।

**निर्णय नं.३:**

निर्णय नं.१ बमोजिम अधिग्रहण हुने जग्गा भूमिसुधार तथा मालपोत कार्यालय, विराटनगर, मोरङलाई रजिस्ट्रेशन (दा.खा.) को लागि अनुरोध गर्ने र सोको प्रमाणको आधारमा विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट सम्बन्धित जग्गाधनीलाई मुआब्जा रकम भुक्तानी दिने निर्णय गरियो।